नेपाल सरकार
गृह मन्त्रालय

# अध्यागमन विभाग

प्रशासन शाखा

फोन : ४४२९६५९, ४४२९६६०, ४४३३९३४, ४४३८८६२, ४४३८८६८
फ्याक्स : ४४३३९३५
कालिकास्थान, काठमाण्डौ
Website : www.immigration.gov..np
E-mail: info@immigration.gov.np
mail22doi@gmail.com

पत्र संख्या : २०७७/७८
चलानी नं.

## नेपाल आगमन सहजीकरण सम्बन्धी अद्यावधिक सूचना

नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०७७/०८/१०, मिति २०७७/९/१० र मिति २०७७/१०/११ को निर्णयबाट यात्रुहरुको नेपाल आगमन सम्बन्धमा देहाय अनुसार निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो अद्यावधिक सूचना प्रकाशित गरिएको छ ।

१. देहाय बमोजिमका यात्रु र निजका परिवारका सदस्यहरुले अध्यागमन कार्यालय त्रि.अ.वि.मा अन अराइभल भिसा प्राप्त गर्न सक्ने र सोका लागि कुनै किसिमको पूर्व स्वीकृति तथा सिफारिस आवश्यक पर्ने छैन ।
   क. कूटनैतिक/औपचारिक राहदानी वाहक तथा UN Laissez-Passer वाहक,
   ख. नेपालमा रहेका UN agencies तथा अन्य अन्तर्राष्ट्रिय संस्थामा कार्यरत विदेशीहरु,
   ग. नेपाली मूलका विदेशी (राहदानीमा जन्मस्थान नेपाल उल्लेख भएको) वा नेपालीसँग नाता सम्बन्ध भएका वा गैर आवासीय नेपाली नागरिक ।

२. नेपालको भिसा भएका विदेशी नागरिकहरुलाई आगमन अनुमति दिइने छ । भिसा नभएका बिदेशीहरुले विदेशस्थित नेपाली नियोगहरुबाट भिषा लिएर मात्र नेपाल आउन सक्ने । भिसा लिई आउन सम्भव नभएमा सम्बन्धित सरकारी निकायको सिफारिस वा पूर्व स्वीकृति पेश गरेमा मात्र आगमन विन्दुमा भिसा प्रदान गरिनेछ ।

३. विदेशी नागरिकहरुले नेपाल सरकारको पूर्व स्वीकृति विना स्थलमार्गबाट नेपाल प्रवेश गर्न पाउने छैन।

४. सबै विदेशीहरुले यात्रा शुरु गर्नु भन्दा बढीमा ७२ घण्टा भित्रको PCR Negative Report (RT-PCR/Gene Xpert/True NAAT वा सो सरहको परीक्षण समेत) अनिवार्य रुपमा पेश गर्नुपर्ने तर ५ वर्ष मुनिका बालबालिकाहरुलाई त्यस्तो रिपोर्ट अनिवार्य नहुने ।

५. विदेशस्थित नेपाली नियोगहरुबाट जारी हुँदै आएको पर्यटक भिसा पूर्ववत् रुपमा जारी हुने ।

६. नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०७७/१०/११ को निर्णयानुसार कोभिड-१९ को नयाँ भेरियन्ट (SARS-CoV-2 VUI 2020/12/01) संक्रमण भएका मुलुकबाट शुरु उडान गर्ने तथा ट्रान्जिट भई नेपाल आगमन गर्ने सबै यात्रुहरुको क्वारेन्टिन, स्वास्थ्य सुरक्षा तथा परीक्षणका सम्बन्धमा देहाय बमोजिम हुनेछ।
   क. विदेशस्थित नेपाली नियोगहरुबाट भिसा लिएर मात्र नेपाल आउन सक्ने,
   ख. उल्लेख भए बमोजिम नेपाल आगमन हुने यात्रुहरु आफ्नै खर्चमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सूचीकृत गरेको होटलमा १० दिनसम्म होटल क्वारेन्टिनमा बस्नुपर्नेछ । त्यसरी होटल क्वारेन्टिनमा बसेको ५ दिन पश्चात कोभिड परिक्षण रिपोर्ट नेगेटिभ भएमा बाँकी ५ दिन होम क्वारेन्टिनमा बस्न सक्नेछन् ।
   ग. जटिल स्वास्थ्य समस्या भएका, आफन्तको मृत्यु भई आफै काज किरियामा बस्नुपर्ने नेपाली नागरिक तथा नेपाली मूलका विदेशी नागरिक तथा तिनका सन्तानहरुलाई कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र सचिवालयको समन्वयमा क्वारेन्टिनको वैकल्पिक व्यवस्था गर्न सकिने,
   घ. नेपालस्थित विदेशी कूटनीतिक नियोग वा अन्तर्राष्ट्रिय संघ संस्थामा काम गर्न आउने व्यक्तिको हकमा सम्बन्धित नियोग वा संस्थाबाट लिखित अनुरोध भई आए बमोजिमको क्वारेन्टिनमा बस्न अनुमति दिन सकिनेछ,
   ङ. नेपालबाट कुनै औपचारिक कार्यक्रममा भाग लिन विदेशमा गई पाँच दिन वा सोभन्दा कम अवधिमा नेपाल फर्कने पदाधिकारीलाई नेपालबाट प्रस्थान गर्नु अघि पेश गरेको कोभिड-१९ परीक्षणको नेगेटिभ रिपोर्टका आधारमा नेपाल प्रवेश गर्न र निर्धारित स्वास्थ्य मापदण्ड पालना गर्ने गरी सम्बन्धित गन्तव्यमा जान अनुमति दिन सकिनेछ।

७. सबै यात्रुहरुले अनिवार्य रुपमा नेपाल सरकारले तोकेको स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गर्नुपर्ने छ।

८. यात्रा अनुमति पत्र तथा आकस्मिक राहदानी वाहकलाई आगमन विन्दुमा अन अराइभल भिसा प्रदान गरिने छैन ।

**मिति:** २०७७/१०/२८

(टेक नारायण पौडेल)
निर्देशक